# १

# प्रभुको भाई याकूब

<u>*यस अध्यायका मूल पदहरूः*</u> यूहन्ना ७:२-५, १ कोरन्थी १५:५-७, याकूब १:३,२:५, १ पत्रुस २:९,१० र मत्ती ७:२४-२७।

<u>*कण्ठ गर्नुपर्ने पदः*</u> **"यदि मैले दिएका निर्देशनहरू पालन गर्‍यौ भने तिमीहरू मेरा मित्रहरू भएको सावित हुनेछ।" (यूहन्ना १५:१४ रूपान्तरित)।**

**सुरूका इसाई चर्चका दिनहरू भन्दा हामी आज धेरै टाढा छौं। प्रथम इसाई अभियानमा सहभागी हुनु भनेको के रहेछ भन्ने कुरामा त्यतिको ज्ञान हामीमा छैन।** त्यसमयमा धेरै विश्वासीहरू समूह समूह भएर घर घरमा सङ्गति गर्दथे। प्रायजसो विश्वासीहरू यहूदी मतबाट नै आएका थिए। येशूको विरोध गर्ने आफ्नै साथी यहूदीहरूले तिनीहरूलाई सताउँदथे र  आक्रमण गर्दथे। यहूदी र इसाईहरूको बीचमा चर्केको संघर्षमा इसाईहरू बिलाउनु भन्दा पहिले यहूदी-इसाई हुनु भनेको के रहेछ भन्ने चित्रण याकूबको पुस्तकमा पाउँछौं। दोस्रो शताब्दीमा इसाई चर्चमा गैर-यहूदीहरूको बाहुल्यता भएकोले यहूदी र इसाईहरू एक आपसमा अलगिएका थिए। तर याकूबको पुस्तक त्यो फाटो हुनुभन्दा पहिले लेखेएको थियो।

कुनै स्थानीय चर्चमा भएको कचकच वा अत्यन्त आवश्यकताले गर्दा वाध्य भएर याकूबले आफ्नो पत्र लेखेको देखिन्दैन। तर उनको पत्र समग्र चर्चका विश्वासीहरूको निम्ति लेखिएको थियो। साथै यो पत्र कुनै युगमा सिमित नभएर येशू नआउँञ्जेल उहाँलाई ग्रहण गर्ने सबै विश्वासीहरूको निम्ति लेखिएको पाइन्छ।

यस पुस्तकमा चुर्लुम्म डुब्नुभन्दा अघि यस पत्रका लेखकको बारेमा थाहा पाउनु जरुरी छ। कतिपयले यस पत्रको लेखकको बारेमा यसरी जिज्ञासा राखेका छन्ः यथार्थमा याकूब को हो? उनको पृष्ठभूमि के छ?

उनको येशूको बीचको सम्बन्ध के छ? चर्चमा उनको स्थान कस्तो थियो? आदि।

## १ येशूका भाइ याकूब (यूहन्ना ७:२-५)

यस पत्रको लेखक तत्कालिन बढ्न सुरू गरेको चर्चमा प्रख्यात नै भएको हुनुपर्छ। उनको बारेमा चिनारी याकूब १:१मा प्रष्टसँग दिएको अन्त पाइएको देखिन्दैन जसमा भनिएको छ “जतातते छरिएका बाऱ्ह कुलहरूलाई म याकूब, परमेश्वर र प्रभु येशूको सेवकबाट अभिवादन।" (रूपान्तरित)।

उपरोक्त विषयप्रवेशकै आधारमा याकूब को हुनुहुँदो रहेछ भनेर हामीले झट्टै निश्कर्ष निकाल्न सक्दछौं। नयाँ करारमा याकूव नाउँ गरेका चार जना व्यक्तिहरू छन्: वाऱ्ह जना चेलाहरूमा दुई जनालाई त्यही नाउँ गरेर सम्बोधन गरिएको छ (मर्कूस ३:१७,१८), यहूदा इस्करयोतीको त होइन तर अर्को यहूदाको बुबा (लूका ६:१६)। अनि अर्कोचाहिँ येशूको आफ्नै भाइ (मर्कूस ६:३)। ती चार जनामा केवल येशूका भाइमात्र धेरै वर्ष बाँचेका थिए र यस्तो पत्र लेखेर सन्देश दिँदा चर्चमा उनी नाउँ चलेकै व्यक्ति रहेछ भनेर हामी निचोडमा निकाल्न सक्छौं। त्यसैकारण याकूबको पुस्तक रचयिता येशूका आफ्नै भाइ थिए भनेर विश्वास गर्छौं।

सिकर्मीको छोरो भएकोले (मत्ती १३:५५) याकूब अरू सर्वसाधारणहरूभन्दा असलै शिक्षा हासिल गरेको हुनुपर्छ। नयाँ करारमा रहेका ग्रीक वा युनानी भाषाका पत्रहरूमा याकूबको पत्र एक उच्चस्तर लेखनशैली भएको पाइन्छ। उच्चस्तिरय शब्दहरू र सुन्दरताले लेखिएको पत्रले याकूब अत्यन्त शिक्षित व्यक्ति थिए भनेर पहिचान गराउँछ। येशूका भाइहरूमा याकूबको नाउँ पहिलो भएको हुनाले उनी यूशुफका जेठा छोरा थिए भनेर जनाउन सक्छ। तर जब येशू क्रुसमा टाँगिएको बेलामा उहाँले आफ्ना मनपर्ने चेला यूहन्नालाई उहाँको आमा मरियमलाई हेरचाह गर्नु भनेर जिम्मा लगाएको देख्दा उहाँका दाजुहरू मेरीको आफ्नै छोराहरू थिए भनेर देखाउँदैन। तिनीहरू युशूफका अघिल्लो श्रीमतीका छोराहरू थिए कि भन्ने अनुमानित गरिएको छ।

जब येशूले आफ्नो सेवाकार्य सुरू गर्नुभयो तब उहाँका परिवारले उहाँको त्यो कामको बारेमा थाहा पाए। त्यसबेला उहाँलाई उहाँको काम रोक्न परिवारले रोक्न खोजेका थिए। उहाँको काम बन्द गर्न तिनीहरूले उहाँलाई नियन्त्रण गर्न खोजेका थिए। “ए ऊ त बौलाह भयो" भनेर तिनीहरूले आरोप पनी लगाएका थिए (मर्कूस ३:२१ रूपान्तरित)। येशूका भाइहरूले उहाँलाई विश्वास गरेका थिएनन् भनेर यूहन्ना ७:२-५ले पनि यसरी बताउँछन् “अब यहूदीहरूका छाप्रो-वासको चाड नजिकै थियो। ३ यसकारण येशूका भाइहरूले उहाँलाई भने, “यो ठाउँ छाड़ेर यहूदिया जानुहोस्, र तपाईंले गरिरहनुभएका कामहरू तपाईंका चेलाहरूले पनि देखून्। ४ जुन मानिसले ख्याति प्राप्त गर्न चाहन्छ, त्यसले गुप्तमा काम गर्दैन। तपाईं यी कामहरू गर्नुहुन्छ भने आफूलाई संसारमा प्रकट गराउनुहोस्।” ५ किनकि उहाँका भाइहरूले पनि उहाँमाथि विश्वास गर्दैनथिए।" आफ्नै परिवारले येशूलाई कसरी हेपेका थिए र उहाँको सेवाप्रति धज्जी उठाएका थिए भनेर उपरोक्त पदहरूले बताउँछन्। हामीहरूकै जीवनमा ती पदहरूबाट के पाठ सिक्नसक्छौं? हामीहरूले माया गरेका मानिसहरूले पनि हाम्रो कुरा नसुन्दा येशूको जीवनमा घटेको घट्नाले कसरी सान्त्वना दिन सक्छ?

"तत्कालिन यहूदी धर्ममा मसीह अर्थात् अभिषेक गरिएको उद्धारकर्ता वा ख्रीष्ट येशूको बारेमा गलत धारणाले स्थान पाएको थियो। येशूको चरित्रमाथि आस्थामा कम भएको थियो। ती दुवै कारणले गर्दा येशूका दाजुभाइहरूले छाप्रवासको चाडमा आफूलाई सार्वजनिक गर्न चुनौती दिएका थिए।"-एलेन जी ह्वाइट, द डिजाएर अभ एजेज्, ४८५,४८६बाट रूपान्तरित।

## २. याकूब, येशूको विश्वासी (१ कोरन्थी १५:५-७)

सुरूमा येशूप्रति नकारात्मक धारणा राखेतापनि पछि याकूबमा परिवर्तन आएको थियो भनेर देहायका दुई अंशहरूले कसरी बताउँछन्, हेर्नुहोस्: १ कोरन्थी १५:५-७ “उहाँ केफासकहाँ, अनि बाह्रै जनाकहाँ देखा पर्नुभयो। त्यसपछि उहाँ एकै समयमा पाँच सयभन्दा बढ़ी भाइहरूकहाँ एकसाथ देखा पर्नुभयो, जसमध्ये धेरैजसो अहिलेसम्म

छँदैछन् तर कोही-कोही सुतिसकेका छन्। त्यसपछि याकूब र सबै प्रेरितहरूकहाँ उहाँ देखा पर्नुभयो।" प्रेरित १:१४ "कति जना स्त्रीहरू र येशूकी आमा मरियम अनि उहाँका भाइहरूका साथ यिनीहरू सबै एक मनका भएर निरन्तर प्रार्थना गरिनै रहे।"

पुनरुत्थान भएपछि पत्रुस र बाऱ्हैजना (यहूदा इस्करयोती वाहेक)को बीचमा येशू देखा पर्नुभएको थियो। अनि पाँचसय भन्दा बेसी उहाँका भक्तहरूको बीचमा देखा पर्नुभएको थियो। हुनसक्छ, पाँचसय चेलाहरूको बीचमा याकूब थिएनन् होला। तैपनि येशू याकूबकहाँ अलगै देखा पर्नुभएको थियो। त्यसैले गर्दा याकूबसँगको येशूको भेट विशेष किसिमको हुनसक्छ। बाइबलमा त्यो विशेष भेटको रूपमा उल्लेख गरिएको छ। ती दुई बीचमा कस्तो कुराकानी भयो, बाइबलले बताउँदैन, तर त्यो भेटले गर्दा याकूबको जीवनमा विशेष प्रभाव पारेको हुनसक्छ। त्यो भेट निर्णायक भेट थियो जसले गर्दा याकूब येशूको प्रखर भक्त र तत्कालिन चर्चको प्रभावकारी अगुवा बन्न पुगे।

**याकूबको बारेमा देहायका पदहरूले कसरी चित्रण गरेका छन् जसले गर्दा उनको बारेमा अझ बढीजानकारी हामीलाई दिन्छ, पढ्नुहोस्ः प्रेरित १२:१६,१७ "तर पत्रुसले चाहिँ ढकढक्याइरहे। ढोका खोल्दा तिनलाई देखेर तिनीहरू छक्क परे। १७ तिनले "चूप लाग" भनी हातले इशारा गरे, र प्रभुले तिनलाई कसरी झ्यालखानबाट बाहिर निकाल्नुभयो सो तिनीहरूलाई बताए। यी कुराको समाचार याकूब र अरू भाइहरूलाई दिनू भनेर तिनी बिदा भएर अर्कै ठाउँमा गइहाले।", प्रेरित १५:१३-२१ "तिनीहरू बोलिसकेपछि याकूबले यसो भने, "भाइ हो, मेरो कुरा सुन्नुहोस्, १४ परमेश्वरले आफ्नै नाउँको निम्ति अन्यजातिहरूबाट एउटा जाति छान्ने कृपा गर्नुभयो भन्ने कुरो सिमोनले बताएका छन्। १५ यसै कुरासँग अगमवक्ताका वचन पनि मिल्छन्, जस्तो लेखिएको छ, १६ 'यी कुरापछि म फर्कनेछु, र दाऊदको भत्केको वासस्थान फेरि बनाउनेछु, त्यसको भग्नावशेष म फेरि बनाइदिनेछु, र त्यसलाई खड़ा गर्नेछु, १७ र बाँकी मानिसहरूले परमप्रभुलाई खोज्न सकून्, र सबै अन्यजातिहरूले पनि, जुनहरू मेरो नाउँद्वारा बोलाइएका छन्, १८ यो कुरा परमप्रभु**

भन्नुहुन्छ, जसले प्राचीन कालदेखि यी कुराहरू जनाउनुभएको छ, जो सृष्टिको आरम्भदेखि जानिएका छन्।' १९ "यसकारण मेरो फैसला यो छ, कि परमेश्वरतर्फ फर्कने अन्यजातिहरूलाई हामी दुःख नदिऔं। २० तर तिनीहरूलाई यी कुरा लेखिदिऔं, कि तिनीहरू मूर्तिपूजाको अशुद्धताबाट अलग्ग रहून्, व्यभिचारबाट, घोक्रो अँठ्याएर मारेको पशुको मासु र रगतबाट अलग्ग रहून्। २१ किनभने अघिका पुस्तादेखि नै सहरैपिच्छे मोशाका व्यवस्थाको प्रचार भइरहेको छ, किनकि यो हरेक सभाघरमा हरेक शबाथमा पढिँदै छ।" , प्रेरित २१:१७-१९ "अनि जब हामी यरूशलेममा आइपुग्यौं, तब भाइहरूले हामीलाई खुशीसाथ स्वागत गरे। १८ भोलिपल्ट पावल हामीसँग याकूबकहाँ गए। त्यहाँ सबै एल्डरहरू उपस्थित थिए। १९ तिनीहरूलाई अभिवादन गरेपछि, पावलले तिनको सेवकाइद्वारा अन्यजातिहरूका बीचमा परमेश्वरले गर्नुभएका काम तिनीहरूलाई एक-एक गरी बयान गरे।" गलाती १:१८-१९ "तब तीन वर्षपछि केफाससँग भेट गर्न म यरूशलेम गएँ, र उनीसँग पन्ध्र दिनसम्म बसें। १९ तर प्रभुका भाइ याकूबलाई बाहेक अरू कुनै प्रेरितलाई मैले भेटिनँ।" र गलाती २:९ "याकूब, केफास र यूहन्ना, जो मण्डलीका खम्बाहरू थिए, तिनीहरूले ममाथि भएको अनुग्रह थाहा पाएपछि मलाई र बारनाबासलाई सङ्गतिको दाहिने हात दिए। हामी अन्यजातिहरूकहाँ जाने र उनीहरूचाहिँ खतनाकाहरूकहाँ जाने भन्ने निश्चय गरे।"

पुनरुत्थान हुनुभएको येशूसँगको निर्णायक भेट पछि याकूब यरुशलेम चर्चको तुरन्तै अगुवा बने। करिब सन् ४४मा पत्रुसलाई मार्न सरकारले पक्रेर झ्यालखानामा हालेको थियो। तर त्यसै रात उनलाई स्वर्गदूतले अचम्म तरिकाले झ्यालखानाबाट छुटाइएको थियो। आफू कसरी मुक्त भए भनेर याकूलाई भन्न पत्रुस उत्सुक थिए (प्रेरित १२:१७)। चर्चमा याकूबको कस्तो उल्लेखनीय भूमिका थियो भनेर त्यसले बताउँछ। यस घट्ना भएको पाँच वर्षपछि सन् ५८तिर यरुशलेममा विभिन्न विषयलाई लिएर विश्वासीहरूको एक परिषद बसेको थियो। त्यसको नेतृत्व याकूबले गरेका थिए। त्यस परिषदको निर्णय सार्वजनिक रूपमा याकूबले यरुशलेममा उपस्थित भएका सबै

विश्वासीहरूलाई सुनाइदिएका थिए। चर्चका खम्बाहरूको सूचीमा पावलले याकूबलाई प्रथम् स्थान दिएको पाइन्छ। पत्रुस र यूहन्नालाई दोस्रो र तेस्रो स्थान दिएका थिए (गलाती २:९)। यरुशलेम परिषद बसेको केही वर्षपछि पावलले त्यहाँका गरिब विश्वासीहरूलाई चन्दा संकलन गरेर ल्याएर दिएका थिए। त्यो अरू देशका विभिन्न चर्चहरूबाट संकलन गरेर ल्याएको भेटी थियो। प्रत्येक चर्चको प्रतिनिधीहरूले याकूबको पाऊमा भेटीहरू राखेका थिए भनेर एलेन जी ह्वाइटले स्केट्च फ्रम द लाइफ अभ पावल, पृ. २०८,२०९मा टिप्पणी गर्दछिन्। त्यो भेटी यरुशलेममा भएको अनिकालमा राहत दिन संकलन गरिएको थियो।

अरू चेलाहरूको मृत्यपछि येशूभक्तहरूले याकूबलाई धेरै वर्षसम्म ठूलो सम्मान गरेको देखिन्छ। अझ भन्ने हो भने उनको आत्मिक नेतृत्वको विषयमा धेरै कथाहरू रचिएको देखिन्छ। त्यही कथाहरूको आधारमा उनलाई "न्यायी अर्थात् धर्मी याकूब" भनेर विश्वासीहरूको बीचमा प्रचलित भएको पाइन्छ। येशूको बारेमा गहिरो शङ्का गरेर इसाई जगतमा यात्रा गरेका याकूब पछि गएर प्रारम्भिक चर्चको अत्यन्त महान् आत्मिक अगुवाको रूपमा आफूलाई स्थापना गर्न उनी सफल भएका थिए।

## ३. याकूब र सुसमाचार (याकूब २:२२,२३)

पन्ध्रौं शताब्दीको प्रोटेस्टेन्ट विद्वान लुथरको प्रभावले गर्दा धेरै इसाईहरूले याकूबको पुस्तकमा भएको महत्त्वपूर्ण सन्देशको गरिमालाई बुझ्न असफल भएको देखिन्छ। यो अत्यन्त खेदपूर्ण छ। इसाई जगतमा मार्टिन लुथरको वैचारिक देनलाई हामी अबमूल्यन गर्दैनौं। तर रोमन क्याथोलिक चर्चको शिक्षादीक्षाको विरोध गर्न न त लुथरबाट सुरूभएको थियो न त उनीबाट नै अन्त भएको थियो भन्ने जानकारी पाउनु जरुरी छ। बाइबल र बाइबलमा मात्र आधारित गरेर येशूमा विश्वास फस्टाउनेको विरोधमा विरोध जनाउने संम्प्रदायमा रोमन क्याथोलिक चर्चमात्र नभएर अरू संम्प्रदायहरूले पनि संसारको इतिहासको अन्त्य सम्म जारी राख्नेछ भन्ने तथ्यलाई हामीले सम्झिरहनु

आवश्यक छ (एलेन जी ह्वाइट, द स्टोरी अफ रिडेम्शन, पृ. ३५३बाट रूपान्तरित)। येशूको नाउँमा कतिपय विभिन्न सुधारवादी इसाई धर्मगुरूहरूले गम्भिर गलत शिक्षाहरू निरन्तररूपमा सिकाइरहेको सर्वविदितै छ। यो पनि हामीले थाहा पाउन जरुरी छ कि धेरै महत्त्वपूर्ण सत्यहरूलाई बाइबलबाट नै उत्खनन् गरेर निकाल्ने काम जारी नै छ।

विभिन्न इसाई विद्वानहरूले बाइबलका कतिपय तथ्यहरूलाई गलत ढँगबाट व्याख्या गर्ने चलन नामूद भएकै कारणले समय समयमा महान् आत्मिक जागरणको आवश्यकता भएको देखिएको थियो। जोनाथन एडवार्ड र जर्ज ह्वाइट फिल्ड जस्ता इसाई हस्तीहरूको उदय र बेलायतको चार्लस् र जोन वेसलीहरूले बाइबलमा लुकेका तथ्यहरू निकालेकोमा प्रख्यात छन्। ती वेसली दाजुभाइहरूले नै मेथोडिस्ट चर्च सम्पर्दायलाई जन्म दिएका थिए। इसाई जीवन केवल मुखले प्रचार गर्नेमात्र होइन पवित्र धर्मपरायण जीवन बिताउन पनि उत्तिक्कै महत्त्वपूर्ण छ भनेर तिनीहरूले औंल्याएका थिए। उन्नाइसौं शताब्दीमा भएको दोस्रो आत्मिक जागरणमा पनि सुधारिएको इसाई जीवनको निम्ति गरिएको आह्वानले निरन्तरता पाएको थियो। त्यसै बेला सेभेन्थ-डे एडभेन्टिस्टलाई स्थापना गर्न परमेश्वरले अगुवाइ गर्नुभएको थियो। परमेश्वरका आज्ञाहरू पालन गर्न र येशूको विश्वासमा सुसज्जित हुन एडभेन्टिस्ट चर्चलाई आह्वान गरिएको थियो। परमेश्वरको आत्माले नै भरिपूर भएर सारा संसारमा तिन स्वर्गदूतहरूको सन्देशलाई गवाहीस्वरुप सुनाउन (प्रकाश १४:६-१२) एडभेन्टिस्ट चर्चलाई परमेश्वरले जन्माउनुभएको थियो।

**येशूमाथिको आस्था वा विश्वास मुखले मात्र होइन त्यो विश्वासले कसरी काम गरिरहेको छ भनेर देखाउन याकूबले चुनौती दिन्दछन्। विश्वासद्वारा जीउनु भनेको के हो देखाऊ भनेर सम्पूर्ण इसाईहरूलाई याकूबले आह्वान गर्दछन्। बाइबलमा भएका विभिन्न शिक्षादीक्षाहरूलाई समर्थन गर्छु भनेर वचन दिने मात्र पक्का येशूभक्त सावित हुन्छ भन्ने छैन भनेर याकूबले देहायका पदहरूले कसरी खुलासा**

गर्दछन् हेर्नुहोस्: याकूब १:२-४ “मेरा भाइ हो, तिमीहरूमाथि विभिन्न किसिमका आपत्-विपत् आइपर्दा तिनलाई पूरा आनन्दको कुरा सम्झ। ३ किनकि तिमीहरू जान्दछौ, तिमीहरूका विश्वासको जाँचले धैर्य उत्पन्न गराउँछ। ४ धैर्यलाई त्यसको पूरा काम गर्न देओ, ताकि तिमीहरूमा कुनै कुराको अभाव नभएर तिमीहरू परिपक्व र पूर्ण होओ।", याकूब २:५, २०-२३ “मेरा प्रियहरू, सुन, के परमेश्वरले संसारका गरीबहरूलाई विश्वासमा धनी तुल्याएर त्यस राज्यका उत्तराधिकारी हुनलाई चुन्नुभएन र? यहि राज्य उहाँलाई प्रेम गर्नेहरूलाई उहाँले दिने प्रतिज्ञा गर्नुभएको होइन र?... २० मूर्ख हो, कामविनाको विश्वास व्यर्थ हुन्छ भन्ने कुराको प्रमाण चाहन्छौ? २१ जब हाम्रा पुर्खा अब्राहामले आफ्नो छोरो इसहाकलाई वेदीमा अर्पण गरे, तब तिनी कामद्वारा नै धर्मी ठहरिएनन् र? २२ तिमी देख्तछौ, कि तिनका कामहरू सँगसँगै विश्वास क्रियाशील थियो, र कामद्वारा नै विश्वास पूर्ण भएको थियो। २३ पवित्रधर्मशास्त्रको यसो भन्ने वचन पूरा भयो, “अब्राहामले परमेश्वरमा विश्वास गरे, र यो उनको निम्ति धार्मिकता गनियो,” र उनी परमेश्वरका मित्र कहलिए। २४ तिमीहरू देख्तछौ कि कामद्वारा मानिस धर्मी ठहरिँदोरहेछ, विश्वासद्वारा मात्र होइन।" र याकूब ५:१३-१६ "के तिमीहरूमा कसैले कष्ट भोगिरहेछ? त्यसले प्रार्थना गरोस्। के कोही आनन्दित छ? त्यसले प्रशंसाको भजन गाओस्। १४ के तिमीहरूमध्ये कोही बिरामी छ? त्यसले मण्डलीका एल्डरहरूलाई बोलाओस्। तिनीहरूले प्रभुको नाउँमा त्यसलाई तेलले अभिषेक गरेर त्यसको निम्ति प्रार्थना गरून्, १५ र विश्वासको प्रार्थनाले बिरामीलाई बचाउनेछ, र प्रभुले त्यसलाई निको पार्नुहुनेछ, र यदि त्यसले पाप गरेको छ भने त्यसलाई क्षमा हुनेछ। १६ यसकारण तिमीहरू एउटाले अर्कासँग आफ्ना-आफ्ना पाप स्वीकार गर। तिमीहरू निको हुनलाई एउटाले अर्काको निम्ति प्रार्थना गर। धार्मिक मानिसको प्रार्थना शक्तिशाली र प्रभावशाली हुन्छ।"

याकूबले आफ्नो छोटो पत्रमा विश्वास र आस्थाको बारेमा १९ पल्ट उल्लेख गरेकोमा हामीलाई अचम्म लाग्न सक्छ। काम र परमेश्वरको सामु धर्मी ठहरिनुभन्दा वढिमात्रामा विश्वास र आस्था भन्ने

शब्दहरूलाई याकूबले सम्बोधन गरेको हामी पाउँछौं। साच्चिकै भनौं भने परमेश्वरमाथिको विश्वास र आस्था याकूबको निम्ति अत्यन्त महत्त्वपूर्ण थियो। आफ्नो पत्रको सुरुवातमै इसाई जीवनमा आउने कष्ट र वुद्धीको आवश्यकताको चर्चा गर्दा विश्वासको आवश्यकतालाई उनले औंल्याएका थिए (याकूब १:३,६)। आफ्नो पत्रमा परमेश्वरमाथि बलियो विश्वास भएको इसाईहरूबाट अपेक्षा गरिएको याकूबले खुलासा गरेका छन्। केवल विश्वासमात्र गर्दा मानिसको जीवनमा असर नपार्ला तर परमेश्वरमाथिको पक्का आस्थाले विश्वासीको असल चरित्र देखाउँदछ र उसको सम्पूर्ण जीवनको रहनसहनमा पनि कसरी प्रभाव पार्छ भनेर हामी हेर्दै जानेछौं।

**सानोतिनो कुराहरूमा नै किन नहोस्, परमेश्वरमाथिको तपाईंको विश्वास अटल र यथार्थ छ भनेर दैनिक जीवनमा तपाईंले कसरी देखाइरहनुभएको छ?**

## ४. बाहिर छरिएका बाऱ्ह कुलहरूलाई (प्रेरित ११:१९-२१)

देहायका पदहरूले बाऱ्ह कुलहरूको बारेमा जानकारी दिएको छ। ती कुलहरू को हुन्? तिनीहरू छरपस्ट कसरी भए? हेर्नुहोस्: याकूब १:१ "परमेश्वर र प्रभु येशू ख्रीष्टको सेवक याकूबबाटः ठाउँ-ठाउँमा छरपष्ट भएका बाह्र कुललाई, अभिवादन।", प्रेरित ११:१९-२१ "स्तिफनसको सम्बन्धमा सुरु भएको सतावटको कारण जतातत‌ै छरपष्ट भएकाहरूले अरूलाई होइन, तर यहूदीहरूलाई मात्र वचन प्रचार गर्दै, फोनिके, साइप्रस र एन्टिओखियासम्म यात्रा गरे। २० तर तिनीहरूमध्ये कोही-कोही साइप्रस र कुरेनीका मानिसहरू थिए। तिनीहरूले एन्टिओखियामा आएर ग्रीकहरूलाई पनि प्रभु येशू प्रचार गरे। २१ प्रभुको बाहुली तिनीहरूसँग भएकोले विश्वास गर्नेहरू धेरै संख्यामा प्रभुतिर फर्के।" र १ पत्रुस २:९,१० "तर तिमीहरू त चुनिएका वंश, राजकीय पूजाहारीगिरी, पवित्र जाति, परमेश्वरका निजी प्रजा हौ। उहाँले तिमीहरूलाई अन्धकारदेखि उहाँका उदेकको ज्योतिमा ल्याउनुभयो, ताकि तिमीहरू उहाँका आश्चर्यपूर्ण कार्यहरूको घोषणा गर्न सक। १० एक पल्ट तिमीहरू प्रजा थिएनौ, तर अब तिमीहरू परमेश्वरका प्रजा भएका

छौ। एक पल्ट तिमीहरूले कृपा पाएका थिएनौ, तर अब तिमीहरूले कृपा पाएका छौ।"

याकूबले आफ्नो पुस्तक येशूका भक्तहरूलाई लेखेका थिए। सुसमाचारको कार्यक्रम पहिलो त यरुशलेममा मात्र केन्द्रित थियो (लूका २४:४७)। तर यहूदी शभाशदका मानिसहरूले स्टिफनसलाई ढुँगाले हानेर मारेपछि यहूदीहरू झन उत्साहित भएर चर्चप्रति अत्यन्त आक्रामक भएका थिए। त्यसको फलस्वरुप येशूभक्तहरू छरपस्ट हुनपुगेका थिए (प्रेरित ११)। तर तिनीहरूले सुसमाचारको बिऊ रोमी साम्राज्यको विभिन्न क्षेत्र, गाउँ र शहरहरूमा छरिदिए।

एशिया महादेशबाट सुरूभएको सुसमाचार पश्चिमीदेश आन्टियोकमा पनि फैलिन पुगेको थियो। त्यहाँबाट नै गैर-यहूदी अर्थात् म्लेच्छ कहलाउने अन्य जातिहरूको बीचमा सुसमाचारको आगो प्रथम् शताब्दीमै सल्किन सुरु भएको थियो। त्यसकारण बाऱ्ह कुल भन्दा समुच्चरूपमा सारा इसाईहरूलाई समेटेको हुनुपर्छ। कुलहरू भनेर सम्बोधन गर्दा कुनै जातिको नाउँमा चर्चहरू स्थापित भएको नभइ याकूबले शब्दचित्र प्रयोग गरि समग्र जातिहरूलाई सम्बोधन गरेको देखिन्छ।

**चर्चको स्थापना भयो भन्दैमा त्यहाँ सबै कुरा ठीक ठीक हुनुपर्छ भन्ने छैन। चर्च भनेको कुनै संघ संस्था वा भवन नभएर विश्वासीहरूको समूह भनेर नयाँ करारका लेखकहरूले सम्बोधन गरेका थिए। विभिन्न विषयहरूले सुरूको चर्चलाई पिरोलेको थियो। प्रारम्भिक चर्चमा भएको समस्यालाई सुल्झाउन याकूबले कसरी प्रमुख भूमिका खेले भनेर प्रेरित १५:१-२१मा यसरी बताउँछन् "अब कोही मानिसहरूले यहूदियाबाट एन्टिओखियामा आएर भाइहरूलाई यस्तो शिक्षा दिन लागे, "तिमीहरू मोशाको रीतिअनुसार खतना भएनौ भने त तिमीहरूको उद्धार हुन सक्नेछैन।" २ तब पावल र बारनाबासको तिनीहरूसँग धेरै मतभेद र वाद-विवाद भएपछि, त्यहाँका भाइहरूले पावल र बारनाबास र अरू कति जनालाई यस प्रश्नको फैसलाको निम्ति प्रेरितहरू र एल्डरहरूकहाँ यरूशलेम जानलाई नियुक्त गरे। ३ मण्डलीका सदस्यहरूले तिनीहरूलाई**

त्यहाँबाट बिदा दिए। तिनीहरू फोनिके र सामरियाबाट भएर जाँदा अन्यजातिहरूले प्रभुलाई ग्रहण गरेको कुरा तिनीहरूलाई सविस्तार सुनाए। यस खबरले त्यहाँका भाइहरू अत्यन्तै आनन्दित भए। ४ जब तिनीहरू यरूशलेम आइपुगे, तब तिनीहरूलाई मण्डली, प्रेरित र एल्डरहरूले स्वागत गरे। परमेश्वरले तिनीहरूसँग गर्नुभएका सबै कुराको प्रतिवेदन तिनीहरूले त्यहाँ दिए। ५ तब फरिसी दलका कतिपय विश्वास गर्नेहरूले उभिएर भने, "अन्यजातिहरूको खतना हुनु र तिनीहरूलाई मोशाको व्यवस्था पालन गर्ने आज्ञा दिनु आवश्यक छ।" ६ यस विषयमा सोच विचार गर्नलाई प्रेरितहरू र एल्डरहरू भेला भए। ७ निकै बहस चलेपछि पत्रुसले खड़ा भएर तिनीहरूलाई भने, "भाइ हो, तपाईंहरूलाई थाहै छ, सुरुका दिनहरूमा कसरी परमेश्वरले मेरो मुखबाट अन्यजातिहरूले सुसमाचारको वचन सुनून् र विश्वास गरून् भनी तिमीहरूका बीचबाट मलाई चुन्नुभयो। ८ हृदयका कुरा जान्नुहुने परमेश्वरले तिनीहरूलाई पनि हामीलाई जस्तै पवित्र आत्मा दिनुभएर तिनीहरूलाई ग्रहण गरेको कुरा देखाउनुभयो। ९ उहाँले तिनीहरू र हामीहरूका बीच कुनै भेदभाव राख्नुभएन, तर तिनीहरूका हृदय विश्वासद्वारा शुद्ध पार्नुभयो। १० यसकारण चेलाहरूका काँधमा यो जुवा राखिदिएर किन परमेश्वरको परीक्षा गर्नुहुन्छ? यो जुवा न त हाम्रा पिता-पुर्खाले न हामीले बोक्न सक्यौं। ११ तर हामी विश्वास गर्दछौं, कि प्रभु येशूको अनुग्रहबाट हामीले उद्धार पाएका छौं, जसरी तिनीहरूले पनि पाएका छन्।" १२ तब सभामा सबै चूप बसे, अनि अन्यजातिहरूका बीचमा परमेश्वरले तिनीहरूद्वारा कस्ता चिन्हहरू र आश्चर्यकर्महरू गर्नुभयो त्यसको बयान बारनाबास र पावलले गरे। उनीहरूले यो बयान सुने। १३ तिनीहरू बोलिसकेपछि याकूबले यसो भने, "भाइ हो, मेरो कुरा सुन्नुहोस्, १४ परमेश्वरले आफ्नै नाउँको निम्ति अन्यजातिहरूबाट एउटा जाति छान्ने कृपा गर्नुभयो भन्ने कुरो सिमोनले बताएका छन्। १५ यसै कुरासँग अगमवक्ताका वचन पनि मिल्छन्, जस्तो लेखिएको छ, १६ 'यी कुरापछि म फर्कनेछु, र दाऊदको भत्केको वासस्थान फेरि बनाउनेछु, त्यसको भग्नावशेष म फेरि बनाइदिनेछु, र त्यसलाई खड़ा गर्नेछु, १७ र

बाँकी मानिसहरूले परमप्रभुलाई खोज्न सकून्, र सबै अन्यजातिहरूले पनि, जो मेरो नाउँद्वारा बोलाइएका छन्, १८ यो कुरा परमप्रभु भन्नुहुन्छ, जसले प्राचीन कालदेखि यी कुराहरू जनाउनुभएको छ, जो सृष्टिको आरम्भदेखि जानिएका छन्।' १९ "यसकारण मेरो फैसला यो छ, कि परमेश्वरतर्फ फर्कने अन्यजातिहरूलाई हामी दुःख नदिऔं, २० तर तिनीहरूलाई यी कुरा लेखिदिऔं, कि तिनीहरू मूर्तिपूजाको अशुद्धताबाट अलग्ग रहून्, व्यभिचारबाट, घोक्रो अँठ्याएर मारेको पशुको मासु र रगतबाट अलग्ग रहून्। २१ किनभने अघिका पुस्तादेखि नै सहरैपिच्छे मोशाका व्यवस्थाको प्रचार भइरहेको छ, किनकि यो हरेक सभाघरमा हरेक शबाथमा पढिँदै छ।"

अगमवक्ता आमोसको भविष्यवाणीलाई उदृध गर्दै याकूबले इस्राएलको जिर्णोद्धार हुनेछ, इस्रायलीहरूको बृद्धि हुनेछ र त्यस वृद्धि मा अन्याजातिहरू पनि समावेश गरिनेछ भनेर ठोकुवा गरेका थिए (प्रेरित १५:१६,१७)। विदेशीहरू इस्राएलमा रहँदा तिनीहरूप्रति कस्तो नीति अपनाउनुपर्छ भनेर मोशाले दिएको निर्देशनकै आधारमा त्यो भविष्यवाणी बोलेको थियो (लेबी १८-२०)। आफ्ना पाठकहरूलाई बाह्रकुल भनेर सम्बोधन गरेर इस्राएलप्रति तिनीहरूको सम्बन्धलाई याकूबले सम्झना गराएका थिए। इस्राएलसँग सम्बन्ध भएकै कारण तिनीहरू पनि अब्राहममार्फत इस्राएलीहरूलाई दिएको करारमा सहभागी हुन अवसर भएको उनले स्पष्ट पारेका थिए। येशूभक्तहरू पवित्र राष्ट्र भनेर पत्रुसले सम्बोधन गर्दा उनी पनि याकूबसँग सहमत भएको देखाउँछ (प्रस्थान १९:५, १ पत्रुस २:९)। तिनीहरू छरपस्ट भएका विश्वासीहरू हुन् भनेर पनि पत्रुसले सम्बोधन गरेका थिए (१ पत्रुस १:१)। इस्राएलको भूभागभन्दा बाहिर रहेका यहूदीहरूलाई ग्रीक भाषामा डायसपोरा (diaspora) वा छरिएकाहरू भनिन्छ। पत्रुसले दुबै पदहरूमा त्यो शब्द प्रयोग गरेका थिए (यूहन्ना ७:३५ पनि पढ्नुहोस्)।

जतातते छरिएको चर्च रे? त्यसले हामी सेभेन्थ-डे एडभेन्टिस्टहरूलाई सम्बोधन गरेको जस्तै देखिन्छ। हामीहरूको बीचमा विभिन्न साँस्कृतिक, भोगोलिक र सामाजिक भिन्नताहरू होलान्। हामी

सुधारवादी वा प्रोटेस्टेन्ट समूहहरूको बीचमा एक छुट्टै पहिचान लिएर येशूमा जिउँछौं। तर कुन् शिक्षाले गर्दा हामीहरू एक हौं भनेर प्रत्याभूति दिन्छ?

## ५. याकूब र येशू (मत्ती ७:२४-२७)

बालककाल, युवा र प्रौढ अवस्थामा येशू कस्तो हुनुहुन्थ्यो भनेर हेर्ने र उहाँको चरित्रलाई अध्ययन गर्ने अवसर याकूबले पाएका थिए। पछि येशू मसीह नै हुनुहुन्छ भनेर विश्वास गरे र यरुशलेमा इसाईहरूको अगुवा पनि बन्न पुगेका थिए।तर याकूबले आफूलाई येशूको भाइ भनेर चिनाउँदैन बरू उहाँको सेवक वा दास भनेर आफूलाई सम्बोधन गर्दछन्। येशूको प्रतापमा आफूलाई ढाल्न दिंदा उनी नम्र र ज्ञानी हुन सिक्न पुगेका थिए भनेर स्पष्ट रूपमा हामी बुझ्न सक्छौं। त्यसले गर्दा उनको पत्रमा ज्ञानी हुनु र नम्र हुनु जस्तो विषय वस्तुहरू पनि उल्लेखनीय रूपमा प्रस्तुत गरेको पाउँछौं (याकूब १:९,११,२१, ३:१३,१८, ४:६-११)।

येशूको मुखारबाट निस्किएका वचनहरू र याकूबको अभिव्यक्तिहरूलाई तुलनात्मक रूपमा हेर्दा तिनीहरूमा साझा धारणाहरू के पाउँछौं हेरौं: याकूब १:२२ “तर वचन पालन गर्ने होओ, र सुन्ने मात्र भएर आफैलाई धोका नदेओ।" र मत्ती ७:२४-२७ “यसकारण जसले मेरा यी वचन सुन्छ र पालन गर्छ, म एउटा बुद्धिमान् मानिससँग त्यसको तुलना गर्छु, जसले आफ्नो घर चट्टानमाथि बनायो। २५ अनि पानी पऱ्यो, र बाढ़ी आयो, अनि हुरी चल्यो र त्यस घरमाथि बजारियो, र पनि त्यो घर ढलेन। किनकि त्यो चट्टानमाथि बसालिएको थियो। २६ जसले मेरा यी वचन सुनेर पनि पालन गर्दैन, त्यसको तुलना एउटा मूर्ख मानिससँग गरिन्छ, जसले आफ्नो घर बालुवामाथि बनायो। २७ पानी पऱ्यो, र बाढ़ी आयो, अनि हुरी चल्यो र त्यस घरमाथि बजारियो, र त्यो घर ढल्यो, अनि त्यसको ठूलो विनाश भयो।” , याकूब ३:१२ “मेरा भाइ हो, के अञ्जीरको बोटमा जैतून अथवा दाखको बोटमा अञ्जीर फल्न सक्छ र? तीतो पानीको मूलबाट पनि मीठो पानी निस्कन सक्दैन।" र मत्ती ७:१६ “तिनीहरूका फलबाट तिमीहरूले तिनीहरूलाई चिन्नेछौ। के काँढ़ाका

**बोटबाट अंगूर अथवा सिउँडीबाट अञ्जीर टिपिन्छ र? ", याकूब ४:१२ "व्यवस्था दिने र न्यायकर्ता त एउटै हुनुहुन्छ, जसले बचाउन र नाश गर्न पनि सक्नुहुन्छ। तर आफ्नो छिमेकीलाई दोष लाउने तिमीहरू को हौ?" र मत्ती ७:१ "अरूलाई दोषी नठहराओ, र तिमीहरू पनि दोषी ठहराइनेछैनौ।"**

येशूका शिक्षाहरूसँग याकूबको पत्र नजिक भएको बाइबलका चिन्तकहरूले पाएका छन्। याकूबका शिक्षादिक्षाहरूमा येशूको प्रभाव उल्लेखनीय भएको देखिएका छन् (पिटर एच, डेविदस्, *द इपिस्टलस् अभ जेम्स,* पृ. ५० (ग्रान्ड रापिड, मिशिगनः एक्रिडमनस पब्लिशिङ्ग कम्पनी, १९८२बाट रूपान्तरित)।

सुसमाचारका पुस्तकहरूसँग याकूबको पत्रलाई नजिकै राखेर नियालेर हेर्दा ती पुस्तकहरूमा भर परेर याकूबले आफ्नो पत्र लेखेको देखिन्दैन। तर येशूसँग नजिक भएर उहाँको शिक्षासँग आफू व्यक्तिगत रूपमै परिचित भएको याकूबले आभास् दिएका छन्। आफ्ना परमेश्वरमाथि विश्वास तथा आस्था राख्न येशूले आफ्ना श्रोताहरूलाई सधैं घचघचाउनुहुन्थ्यो। आफूसँग भएको विश्वासलाई प्रयोग गर्न र देखाउन येशूले तिनीहरूलाई चुनौती दिनुहुन्थ्यो।

जब हामी याकूबको पुस्तक अध्ययन गर्छौं तब याकूबले पनि आफ्नो पत्रमा त्यही नीति अपनाएको हामीले हेर्नेछौं। इसाई हुँ भनेर दावी गर्नेहरूमा येशूमाथि बतासे र फलविहिन आस्था भएको याकूबले हेर्न नचाहेको हामी पाउँनेछौं। याकूबको पत्रको प्रथम् भागमा विश्वास तथा आस्थालाई बलियो विषयवस्तु बनाएको हामीले पत्ता लगाउनेछौं। येशूसँगको सम्बन्धमा विश्वासले कसरी अत्यन्त उल्लेखनीय भूमिका खेलेको हुन्छ भनेर याकूबले पहिल्याएको पनि हामी अध्ययन गर्नेछौं।

येशूमाथि **तपाईंको विश्वास कतिको बलियो छ? कतिको गहिरो छ? तपाईंको विश्वासलाई अघि बढाउन र बलियो बनाउन तपाईंले के गर्न सक्नुहुन्छ? येशूको आस्थामा रहिरहन तपाईंले कस्तो निर्णयहरू गर्न सक्नुहुन्छ?**

## उपसंहारः

**थप जानकारीः** "येशूका भाइहरूले प्रायजसो फरिसी पण्डितहरूको दर्शनलाई ध्यान दिँदथे। फरिसीका शिक्षादीक्षाहरू पुरानो र रिक्तप्रकारको थियो। सत्य र सबै रहस्यहरू जान्ने येशूलाई सिकाउनुपर्छ भनेर येशूका भाइहरूले सोच्दथे। फेरि तिनीहरूले नबुझेका कुराहरूलाई खुलारूपमा आलोचना गर्दथे। तिनीहरूको आलोचना गर्ने बानीले येशूलाई दुःखी तुल्याउँथ्यो र निराश पार्दथ्यो। उहाँका भाइहरूले परमेश्वरमाथि विश्वास छ भनेर दावी गर्दथे। परमेश्वरको प्रतिनिधित्व आफूहरूले गरिरहेको ती भाइहरूले सोच्दथे। तर जब तिनीहरूकै साथमा परमेश्वर मानव चोला भएर रहिरहन्दा तिनीहरूले चिन्नसकेनन्।

येशूले हिँड्नुहुने बाटोलाई उहाँका भाइहरूले कठिन बनाइदिन्थे। तिनीहरूले गर्दा उहाँको जीवन सजिलो थिएन। आफ्नै परिवारले उहाँलाई गलत सम्झिन्दा उहाँ अत्यन्त दुःखित हुनुहुन्थ्यो। जब घरबाट वाहिर जानुहुन्थ्यो तब उहाँले राहत पाएको महसूस गर्नुहुन्थ्यो।"-एलेन जी ह्वाइट, द *डिजाएर अभ एजेज,* पृ. ३२६बाट रूपान्तरित।

## चिन्तनमननः

अ. प्रयोगात्मक इसाई जीवनशैलीको निम्ति याकूबको पुस्तक साँच्चिकै मार्ग निर्देशक पुस्तिका हुन्। नयाँ करारको पुस्तकमा यो पहिलो पुस्तक हुनसक्छ (ई.सन् ४४देख ४९ सालको बीचमा लेखिएको)। इसाई जीवनको निम्ति आचारसंहिता पुस्तक हुनसक्ने भएको हुनाले यसमा “म इसाई हुँ" भन्नेहरूलाई कसरी इसाई जीवन बिताउने भन्ने कुराको भेद खुलाइएको छ। हामीले केमा विश्वास गर्नुपर्छ भन्ने कुरा त महत्त्वपूर्ण नै छ तर हामीले विश्वास गरेको अनुसार जीउनु पनि त्यतिकै महत्त्वपूर्ण छ। हामीहरूको आचरणले हामीहरूको आस्था तथा विश्वासलाई प्रतिबिम्ब गर्दछ। भित्रि हृदयले नै विश्वास गरेर गम्भिर रूपमा हप्ताको पहिलो दिन आइतबारलाई पवित्र शबाथ मानेर विश्वास गर्ने इसाई र

नियमतिरूपमा हप्ताको सातौं दिन शनिवारको दिनलाई शबाथ मानेर चर्चचाहिँ जाने तर कुनियतिमा चलेको सेभेन्थ-डे एडभेन्टिस्टको बीचमा के फरक छ र? सोच्नुहोस्।

आ. याकूब येशूका भाइ हुन् भनेर हामीले हेऱ्यौं। येशू परमेश्वर आफै हुनुहुन्थ्यो जो सारा जगतको सृष्टिकर्ता, तर उहाँ मानव चोला लिएर आउनुभएको थियो। उहाँको अरू भाइ बहिनीहरू पनि थिए। स्वर्ग र पतित पापी संसारको बीचमा भएको महान् खाडललाई येशूले कसरी पुर्नुभयो भनेर उपरोक्त आत्मज्ञानले हामीलाई कसरी सिकाउँदछ? पापको खाल्डोमा परिरहेको मनुष्यप्राणीलाई उद्धार गर्न परमेश्वर कति हदसम्म अघि बढ्नुहुँदो रहेछ भनेर त्यसले हामीलाई कसरी खुलासा गरेको छ? ख्रीष्ट मानव जीवन लिएर आउनुभएको ज्ञान हामीमा भएको हुनाले पापमाथि हामीले पनि विजय पाउन सक्छौं भन्ने ज्ञानलाई तपाईंले के गर्ने? ख्रीष्टको मानव जीवनले गर्दा हामीहरूको संघर्ष कतिको यथार्थ छ भनेर परमेश्वर एकदम बुझ्नुहुन्छ। के यसले हामीहरूको जीवनको संघर्षसँग सामना गर्न राहत दिँदैन र?

इ. आफ्नो भाऊ नखोज्ने वा नम्र हुनु कतिको जरुरी छ भन्ने याकूबको विषयलाई हामीले यस अध्यायमा हेऱ्यौं। इसाई जीवनमा नम्र स्वभावको जरुरत किन छ? जब हामी क्रुसमा नजर लगाउँछौं र क्रुसमा के भयो भन्ने ज्ञान लिन्छौं भने, के त्यसले हामीहरूको जीवनमा सबै पूर्ण हुन्छ वा हामीहरूको आत्मिक जीवनले गर्दा हामी ठूलो मान्छे बनेकाछौं भन्ने प्रवृत्तिलाई पालन गरिराख्न जायज बनाउँछ त?